**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

**२०७८/०७९ सालको निर्णय नं. २७०**

**पुनरावेदन मुद्दा नं. ०७७-RB- ०१०३**

**मुद्दाः- आयकर। (०६७/०६८)**

| | |
|---|---|
| हिमालयन पेट्रोकेमिकल्स प्राइभेट लिमिटेड (स्थायी नं.३०००१०९२५) बिजुलीबजार काठमाडौका तर्फबाट ऐ.का अख्तियार प्राप्त सुमन कुँवर...................................१ | पुनरावेदक/ प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय,हरिहरभवन ललितपुर हाल मध्यमस्तरीय करदाता कार्यालय बबरमहल, काठमाडौ.........................................................................१<br>आन्तरिक राजस्व विभाग,लाजिम्पाट काठमाडौ................................................१ | प्रत्यर्थी /वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक जगदीश रेग्मी

शुरु निर्णय मिति : २०७१।०१।२४

**पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग,लाजिम्पाट

निर्णय गर्ने अधिकारीः महानिर्देशक विनोद बहादुर कुँवर

निर्णय मितिः २०७६।०८।०९

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठ

प्रत्यर्थीको तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री बिमला गौतम

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७६।८।९ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६(१) बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

## मुद्दाको तथ्य

१. हिमालयन पेट्रोकेमिकल्स प्रा.लि.बाट आर्थिक वर्ष २०६७।०६८ को आय विवरण आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार नोक्सानी रु. ३९,२५,९२७।६९ कायम गरी मिति २०६८।०९।२८ मा पेश भएको आय विवरण ।

२. करदाताले पेश गरेको विवरण तथा कागजातको अध्ययन, छानविन तथा हिसाब किताब छानविन गरी प्रतिवेदन समेतका आधारमा करदाताले आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नगरेको /कट्टी गर्न नपाईने खर्च दाबी गरिएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम नोक्सानी रु. २१,४९,५७५।५१ (एकाइस लाख उनान्चास हजार पाँच सय पचहत्तर एकाउन्न रुपैया) नोक्सानी कायम गर्नुपर्ने भएकोले सो वमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद/प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५(पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम करदाताका नाममा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१।०१।१० मा लिखित सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१।०१।१० मा जारी भएको सूचना करदाताले मिति २०७१।०१।१० मा बुझिलिई सोको प्रतिक्रिया सहितको लिखित जवाफ करदाताले मिति २०७१।०१।२४ मा पेश गरेको।

४. करदाताको आ.व.०६७/०६८ का लागि रु.२१,४९,५७४।५१ करयोग्य आय (नोक्सानी) कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१।०१।२४ मा गरेको निर्णय।

५. ठूला करदाता कार्यालय ललितपुरले मिति २०७१/०१/२४ मा जारी गरेको आ.व. २०६७/०६८ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी हिमालयन पेट्रोकेमिकल्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/०३/१८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले वास्तविक आधार, कारण र प्रमाण विना दावी गरेको **Gas Leakage** खर्च आयकर ऐन (संशोधित सहित), २०५८ को दफा १३ बमोजिम खर्च कट्टी नदिने गरी शुरु कार्यालयबाट

भएको संशोधित कर निर्धारण कानून सम्मत देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागबाट मिति २०७६।०८।०९ मा भएको निर्णय।

७. करदाताले लिकेज खर्च स्वंयमले व्यहोर्नुपर्ने र व्यापारिक कारोबार खर्च आयकर ऐन,२०५८ को दफा १३ अनुसार खर्च कट्टी पाउने व्यवस्था भएकोमा सो खर्च वास्तविक खर्च अमान्य हुने गरि शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारण निर्णय अन्यायपूर्ण र आयकर ऐन,२०५८ को दफा १३ विपरित भएको हुंदा बदर गरि पाँउ भनि वेहोराको जिकिर लिई करदाताका तर्फबाट मिति २०७७।०५।०५ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गर्नू भनी मिति २०७७।१२।१३ मा यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठले आ.ब.२०६७/०६८ मा आयकर तर्फ रु.३९,२५,९२७।६९ करयोग्य नोक्सानी भएकोमा विपक्षी कार्यालयले रु.१७,७६,३५३।१८ रकम नोक्सानी रकममा कटाई नोक्सानी रु.२१,४९,५७४।५१ कायम गरी  सोही बमोजिम खर्च कट्टि अमान्य गरी कर निर्धारण गरेको, उक्त रकमलाई खर्च मानी विपक्षी कार्यालयबाट आयकर ऐन,२०५८ को दफा २० (१) (ख) बमोजिम खर्च कट्टी गर्नुपर्नेमा सो नगरी कानून विपरीत शूरु कार्यालय तथा विभागका महानिर्देशकबाट भएको कर निर्धारण आदेश न्यायसंगत नभएको हुंदा बदर गरि पाउँ भनि गर्नुभएको बहस समेत सुनियो ।

१०. प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फवाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री बिमला गौतमले शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश कानूनसम्मत नै रहेको र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय कानुन सम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने भई मुल विवाद निरोपणका लागि देहायका प्रश्नमा समेत विवेचना गर्नुपर्ने देखिन आयो।

(क) करदाताले नोक्सानी खर्च कट्टी भनी दावी गरेको रु.७,८१,८५५।१५ आयकर ऐन,२०५८ को दफा २०(१) बमोजिम खर्च कट्टी हुने हो वा होइन?

ख) करदाताले आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टी दावी गरेका **Leakage Expenses** समेतका खर्च कट्टि अमान्य गरेको निर्णय कानून सम्मत छ, वा छैन ?

१२. पहिलो प्रश्न तर्फ विचार गर्दा, पुनरावेदक करदाताले मिति २०६८।९।२८ मा पेश गरेको आ.व. २०६७/०६८ को आय विवरणमा गत आ.व.०६६/०६७ सम्मको नोक्सानी रकम रु.७,८१,८५५।१८ कायम भएकोले आयकर ऐन, २०५८ को दफा २०(१)(ख) बमोजिम नोक्सानी कट्टी दावी गरेको देखियो। आ.व.०६६/०६७ को ठूला करदाता कार्यालयबाट संशोधित कर निर्धारण हुँदा सो आर्थिक वर्षको लागि नोक्सानी नरही कर योग्य आय कायम गरिएको देखिन्छ।करदाताले सम्बन्धित आ.व. मा दावी गरेको नोक्सानी रकम गत विगत आ.व. को आय विवरण तथा कर कार्यालयबाट भएको संशोधित कर निर्धारणबाट कायम भएको नोक्सानी रकममा आधारित हुनु पर्नेमा पुनरावेदक करदाताले अघिल्लो आ.व.२०६६/०६७ मा कायम नै नरहेको नोक्सानी रकमलाई आफू खुशी रु.७,८१,८५५।१५ नोक्सानी भनी दावी गरेको अवस्थामा त्यसलाई आयकर ऐन, २०५८ को दफा २० (१) (ख) बमोजिम नोक्सानी भनी कट्टी गर्न पाउने देखिदैन।यस स्थितिमा गत आ.व. को नोक्सानी भनी दावी गरेको रकम रु.७,८१,८५५।१८ आयकर ऐन,२०५८ को दफा २०(१)(ख) बमोजिम कट्टी नहुने भनि संशोधित कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालयबाट भएको निर्णय र सो निर्णयलाई सर्मथन गर्दै आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७६।०८।०९ को निर्णयलाई समेत अन्यथा भन्न मिलेन।

१३. अब करदाताले यस आ.व.मा प्रशासकीय खर्च अन्तर्गत Leakage Expenses भनी जम्मा रु.९,९४,४९८।— खर्च कट्टी दावी गरेको देखिन्छ। उक्त खर्च कट्टी गर्नुपर्ने आधारको रुपमा करदाताले थोक विक्रेता तथा वितरकबाट Gas Leakage भई फिर्ता भएको भनी खर्चमा दावी गरेको देखिन्छ।त्यसरी थोक विक्रेता तथा वितरकबाट Gas Leakage भै फिर्ता भएको भनी दावी गरिएका सिलिण्डरलाई करदाताले आफ्नो कारोबारको लेखाबाट पुष्टी गर्न सकेको पाइएन। त्यस्ता फिर्ता आएको त्रुटीयुक्त सिलिण्डरहरुलाई मौज्दात खातामा आम्दानी जनाइ लेखा राखेको पनि मिसिल संलग्न प्रमाणबाट देखिन आउदैन।मुल्य अभिवृद्धि कर नियमावली,२०५३ को दफा ३९क. मा कुनै वस्तु आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधिका कारणले हानि नोक्सानी हुन गई त्यस्तो वस्तुको मौज्दातबाट लगत कट्टा गर्नु परेमा वा कम मुल्यमा विक्री गर्नुपर्ने भएमा प्रमाण सहित त्यस्तो अवस्था भएको मितिले ३०(तीस) दिनभित्र त्यस्तो वस्तुमा तिरेको करकट्टी गर्नको लागि आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनु पर्नेछ भनि स्पष्ट व्यवस्था हुंदा समेत करदाताले सो प्रक्रिया पुरा गरेको देखिएन।त्यसैगरी आयकर ऐन, २०५८ को दफा १३ मा सामान्य कट्टी अन्तर्गत कुनै व्यक्ति वा कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधिनमा रही कारोबारसँग सम्बन्धित देहायका खर्चहरु कट्टी गर्न पाउनेछ भन्ने व्यवस्था रहेको देखिन्छः-

क) सो आय वर्षमा भएका

ख) सो व्यक्तिबाट भएका र

ग) व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका।

यसरी उपर्युक्त कानुनी व्यवस्था बमोजिम करदाताले आय विवरणमा खर्च कट्टीको दावी लिएका खर्चलाई पुष्टी गर्ने आधार कारण र प्रमाण समेत पेश गरी आफ्नो दावीलाई प्रमाणित गर्नुपर्ने हुन्छ। यी पुनरावेदक करदाताले खर्च कट्टीको दावी लिएका सम्बन्धमा सो प्रक्रिया पुरा गरेको पाइएन। त्यसैले प्रशासकीय खर्च अन्तर्गत Leakage Expenses खर्चहरु कट्टी पाउनु पर्छ भन्ने करदाताको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१४. तसर्थ माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट स्थायी लेखा नं. ३०००१०९२५ भएका पुनरावेदक करदाता हिमालयन पेट्रोकेमिकल्स प्रा.लि.को आ.व. ०६७/०६८ को संशोधित करयोग्य आय नोक्सानी रु.२१,४९,५७४।५१ कायम हुने ठहऱ्याई शुरु ठूला करदाता कार्यालय ललितपुरले मिति २०७१।०१।२४ मा गरेको निर्णय र सोही निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७६।०८।०९ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसील खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. सरोकारवाला पक्ष फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः सनिता लामा

फैसला मितिः- २०७९।२।२३।२

फैसला प्रमाणिकरण मितिः

न्यायाधिकरणको छापः